# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, जेठ ११ गते, २०८३ साल (संख्या २

## भाग-२

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को**

**अनुसूची हेरफेर:**

स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ११० ले दिएको अधिकारको प्रयोग गरी मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालयले नियमावलीको अनुसूची-२ मा हेरफेर गरेको छः

**१. स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची-२ को स्थानीय सेवामा रहने तह, पद र शैक्षिक योग्यतामा संशोधनः**

(क) **सेवा-स्थानीय इन्जिनियरिङ सेवा, समूह - सिभिल, उपसमूह - जनरल, तह - ५ पछि देहायको "तह पदनाम र सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता" थप गरिएको छः**

| तह | पदनाम | सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| ४ | असिष्टेन्ट सब ईन्जिनियर | एस.एल.सी/एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी./एस.ई.ई. कोर्ष उत्तिर्ण वा माध्यमिक तहमा सिभिल इन्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस.एल. सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण |

(ख) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-सामान्य प्रशासन, तह-५मा संशोधनः** सेवा-स्थानीय प्रशासन सेवा, समूह-सामान्य प्रशासन, तह-५ मा रहेको "वरिष्ठ प्रशासन सहायक" पदनामको सट्टा "वरिष्ठ प्रशासन सहायक/सहायक" पदनाम राखिएको छ।

(ग) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-सामान्य प्रशासन, तह-४ मा संशोधनः** सेवा-स्थानीय प्रशासन सेवा, समूह-सामान्य प्रशासन, तह-४ मा रहेको "प्रशासन सहायक" पदनामको सट्टा "प्रशासन सहायक/ सहायक" पदनाम राखिएको छ।

(घ) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-लेखा, तह ५ मा संशोधनः** सेवा-स्थानीय प्रशासन सेवा, समूह-लेखा, तह ५ मा रहेको

"वरिष्ठ लेखा सहायक" पदनामको सट्टा "वरिष्ठ लेखा सहायक/ लेखापाल/लेखा सहायक" पदनाम राखिएको छ।

(ङ) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-लेखा समूह, तह-४ मा संशोधनः** सेवा-स्थानीय प्रशासन सेवा, समूह-लेखा, तह-४ मा रहेको "लेखा सहायक" पदनामको सट्टा "लेखा सहायक/सहलेखापाल" पदनाम राखिएको छ।

(च) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-आन्तरिक लेखा परीक्षण, तह-६ मा संशोधनः** सेवा-स्थानीय प्रशासन सेवा, समूह-आन्तरिक लेखा परीक्षण, तह-६ मा रहेको "आन्तरिक लेखा परीक्षक" पदनामको सट्टा "आन्तरिक लेखा परीक्षक/आन्तरिक लेखा परीक्षण अधिकृत" पदनाम राखिएको छ।

(छ) **सेवा-स्थानीय प्रशासन सेवा, समूह-आन्तरिक लेखा परीक्षण, तह-५ मा संशोधनः** सेवा स्थानीय प्रशासन सेवा, समूह-आन्तरिक लेखा परीक्षण, तह-५ मा रहेको "आन्तरिक लेखा परीक्षण सहायक" पदनामको सट्टा "आन्तरिक लेखा परीक्षण सहायक/आन्तरिक लेखा परीक्षक" पदनाम राखिएको छ।

निर्णय मितिः २०८३।०२।०६

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सरकारको सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित